# महिला लघुवित्त वित्तीय संस्थाको वित्तीय साक्षरता कार्यक्रम सम्पन्न ।




महिला लघुवित्त वित्तीय संस्था लिमिटेड केन्द्रीय कार्यालय साँगा, काभ्रेद्धारा संस्थाको सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत विभिन्न किसिमका लक्षित वर्गका व्यक्तिहरुलाई वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ । २०८० चैत्र २६ गते लुम्बिनी प्रदेशको रुपन्देही जिल्ला रोहीणी गाऊपालिकामा ६४ जना नियमित आम्दानी गर्नेहरु र चैत्र २९ गते गण्डकी प्रदेशको कास्की जिल्ला, रुपा गाऊँपालिकामा ५९ जना नियमित आम्दानी नभएका व्यक्ति (कृषी गर्ने) हरुको सहभागीमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरिएको हो ।





सहभागीहरुमा वित्तीय सचेतनाको वृद्धि गर्ने, पारिवारीक बजेट बनाई खर्च गर्ने, बचत गर्ने बानीको बिकास गर्ने । आम्दानीको केही अंश उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने, जोखिम न्यूनिकरण गरि वित्तीय अनुशाासनको बिकास तथा व्यवहारीक परिवर्तनको लागि ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने गरि कार्यक्रमको सहजीकरण गरिएको थियो । सहभागीहरुलाई कृषी तथा व्यवसायीक अभिमुखिकरण तालिम पनि दिइएको थियो ।

वित्तीय साक्षरता कार्यक्रबाट वित्तीय सीपको बारेमा जानकारी हुने, दैनिक भई रहेका खर्चहरुमा मितव्ययी अपनाई बचत गर्ने बानीको बिकास गरि वित्तीय व्यवस्थापन गर्ने, बचत खर्चको व्यवस्थापन, व्यवसाय सञ्चालन गर्ने तरिकाहरु, जोखिम व्यवस्थापन, कर्जाको सदुपयोग, अपनाउनुपर्ने सतर्कतता लगायतका विषयमा साक्षरता प्रदान गरिएको छ ।
कार्यक्रममा वित्तीय संस्थाको तर्फबाट अनुगमन तथा निरिक्षण विभाग प्रमुख श्री नारायण रोका, लुम्बिनी प्रदेशका अधिकृत श्री सञ्जय कुमार चौधरी, गण्डकी प्रदेश प्रमुख श्री राम प्रसाद चौधरी लगायत अन्य कर्मचारीहरुको सहभागीता रहेको थियो । यसै गरि स्थानीय तहका जन प्रतिनिधीहरु, समाजसेवीहरु, विभिन्न विषय विज्ञहरु समेतको सहभागी रहेकाले कार्यक्रम अझ प्रभावकारी भएको थियो । संस्थाले हाल सम्म ५ वटा प्रदेशमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरिसकेको छ । कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा असार मसान्त सम्म वित्तीय साक्षरता कार्यक्रम गर्ने योजना रहेको छ ।